पाँचखपन नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

वाना संखुवासभा

१ नं. प्रदेश

# ढुङ्गा, गिट्टी, बालुवा, मिक्सगिट्टीको स्थानीय तह निकासी शुल्क संकलन गर्ने ठेक्का बन्दोबस्ती सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

## दोश्रो पटक सूचना प्रकाशित मिति : २०७६/०७/०७

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को (६)तथा दफा ६४को उप दफा (१) खण्ड च बमोजिम पाँचखपन नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले ढुङ्गा, गिट्टी, बालुवा, मिक्सगिट्टी र माटो/भरौट स्थानीय तह निकासी संकलन गर्न १ नं. प्रदेश सरकारको आर्थिक ऐन २०७६ को अनुसुची ५ बमोजिमको दररेटमा प्रथम पटक प्रकाशित भएको मितिमा कुनै पनि बोलपत्र पर्न नआएको हुनाले यस नगर कार्यपालिकाको मिति २०७६/०७/०४ गते बसेको बैठकको निर्णय बमोजिम तपसीलको दररेट बढाबढमा विभिन्न स्थानका खोला, नदी, नालाहरुबाट ढुङ्गा, गिट्टी, बालुवा, मिक्सगिट्टी र माटो/भरौट संकलन र विक्रि सम्बन्धी ठेक्का बन्दोबस्त गर्ने निर्णय भएको हुँदा इच्छुक व्यक्ति वा फर्म/कम्पनीहरुले तोकिएको अवधि भित्र रितपूर्वकको बोलपत्र पेश गर्न आह्वान गरिएको छ ।

### तपसील

| क स | ठेक्का नं. | ठेक्काको किसिम | आइइ प्रतिवेदनका आधारमा उत्खनन गरिने नाकाहरु | न्यूनतम ठेक्का रकम रु. (मु.अ.क.बाहेक) | प्रति क्यू. फिट दर (प्रदेश सरकार बाट पारित विक्रि दर) | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | ०२/०७६/७७ | स्थानीय तह निकासी शुल्क संकलन | १) सभा खोला रिठे कटहरे,<br>२) सभा खोला पांठा देभान ,<br>३) सभाखोला वडेनी पुल असपास,<br>५) सभाखोला अइतवारे देविथान पाखा,<br>६) सभाखोला पुल भन्दा ५०० मि.माथि ।<br>७) हेवाखोला दाया किनार वाटो तलमाथि | ५,००,०००।- | रु.४।- | रु.१०००।- | बोलपत्र खुलेको १५ औं दिनमा कार्यालय समय भित्र । |

**ठेक्का सम्बन्धी शर्तहरु**

१. बोलपत्र फारम खरिद गर्दा फर्म/कम्पनीले फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, नविकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर तथा आ.व. २०७५/७६ सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ । यदि बोलपत्रदाता व्यक्ति भएको हकमा भने नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

२. बोलपत्र फारम दस्तुर को लागि रु.१०००।- एक हजार मात्रको नगदी रसिद बुझाई वा कार्यालयको खाता नं. ग-४-१ ९५९०१००२२० मा दाखिला गरेको सक्कल भौचर सहित यस कार्यालयबाट १५ (पन्ध्र) दिनभित्र बोलपत्र फारम खरिद गरिसक्नु पर्नेछ ।

३.बोलपत्र फारम यो सूचना प्रकाशित भएकी मितिले १६ औं दिनको १२:०० बजेसम्म सिलबन्दी बोलपत्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । यसरी दर्ता हुन आएको शिलबन्दी बोलपत्र सोहि दिन दिनको २:०० बजे कार्यालयको प्रतिनिधिहरु र बोलपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा खोलिने छ र बोलपत्र खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन ।

४.शिलबन्दी बोलपत्रमा ठेक्का कबुल रकमको ५ प्रतिशतले हुने रकम यस कार्यालयको नेपाल वंगलादेश बैंक पाँचखपन शाखामा रहेको खाता नं. ग-४-२ ९५९०१००२२१ धरौटी खातामा जम्मा गरि सोको सक्कल भौचर सहित फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, नविकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर तथा आ.व. २०७५/७६ सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ । साथै व्यक्तिको हकमा अनिवार्य रुपमा नेपाली नागरिकताको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

५.बोलपत्रदाताले आफूले कबोल गरेको ठेक्का रकम बोलपत्र फारममा अंक र अक्षरमा स्पष्ट रुपमा लेखी सही छाप गरि खामबन्दी गरी शिल लाह छाप लगाई खामको माथि आफ्नो नाम, ठेगाना, सम्पर्क नं. र ठेक्का नं. लेखी बोलपत्र फारम दर्ता गराउनु पर्नेछ ।

प्रशासकिय अधिकृत
नगरपालिका

८.न्यूनतम ठेक्का रकम भन्दा सबै भन्दा बढी ठेक्का रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ ।

९.बोलपत्र स्वीकृत पश्चात् पत्र बुझेको ७ दिन भित्र सम्झौता गर्न नआएमा ५ प्रतिशत राखेको धरौटी रकम जफत हुनेछ ।

१०.ठेक्का सम्झौताको समयमा ठेकेदारले पहिलो किस्ता वापत कबोल अंकको ५० प्रतिशत रकम यस कार्यालयको नेपाल बंगलादेश बैंक पाँचखपन शाखामा रहेको संचित खाता नं. ग-४-१ ९५९०१००२२० मुलकोष खातामा जम्मा गरेको सक्कल भौचर र बाँकी किस्ता ५० प्रतिशत बापत २०७६ चैत्र मसान्तमा जम्मा गर्नुपर्ने छ । तेस्रो किस्ताको लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" श्रेणीको बैंकबाट यस कार्यालयको नाममा जारी भएको दोस्रो तेस्रो किस्ता बराबरको २०७७ असार मसान्तसम्म म्याद भएको बैंक ग्यारेन्टी सम्झौता गर्दा कै समयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

११.ठेक्काको अवधि बोलपत्रदातासँग सम्झौता भएपछि २०७७ असार मसान्तसम्म रहनेछ ।

१२.ठेक्का सम्झौता भईसकेपछि बन्द हड्ताल वा कुनै कारणबाट ठेक्का रकममा कुनै प्रकारको छुट र मिनाहा माफि दिइने छैन ।

१३.ढुंङ्गा, गिट्टी, बालुवा, मिक्सगिट्टी र माटो/भरौट निकासी शुल्क प्रति घ.न.फिट ४।- रुपैयाका दरले लिन पाउने छ ।

१४.यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियमानुसार कारवाही भई ठेक्का रद्द समेत गर्न सक्नेछ ।

१५.ठेकेदारले ठेक्का भोग चलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।

१६.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहीत रहनेछ ।

१७.पेश भएको बोलपत्रमा केरमेट भएको, सही छाप नभएको, म्याद नाघि दर्ता हुन आएको बोलपत्र स्वीकृत गरिने छैन ।

१८.बोलपत्रदाता तथा नगरपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।

१९.ठेकेदारले ठेक्का स्वीकृत भए पश्चात् ठेक्का कबोल रकमको १३ प्रतिशत मूल्य अभिवृद्धि कर र १.५ प्रतिशत अग्रिम आयकरको रकम ठेकेदारले छुट्टै आन्तरिक राजस्व कार्यालयमा दाखिला गरि सोको प्रमाण यस कार्यालयमा पेश गर्नुपर्ने छ । साथै ठेकेदार व्यक्ति भएको हकमा १.५ प्रतिशत अग्रिम आय करको रकम र ठेक्काको किस्ता बुझाउदा ठेक्का अंकको १३ प्रतिशतले मु.अ.कर समेत यस कार्यालयमा बुझाउनु पर्नेछ ।

२०.स्थानीय निकासी शुल्क उठाउदा ठेकेदार वा कम्पनीले IEE प्रतिवेदन अनुसार उत्खनन् भएको स्थानबाट नै निकासी शुल्क असूल उपर गर्नु पर्नेछ ।

२१.ठेकेदारले राखेको धरौटी ठेक्का अवधि समाप्त भए पश्चात आन्तरिक राजश्व कार्यालयबाट कर चुक्ताको प्रमाण ल्याए पछि फिर्ता गरिने छ । साथै कार्यालयबाट उपलब्ध गराएको पट्टामा उल्लेखित दर भन्दा बढी दरमा निकासी दस्तुर असूली गरेको पाइएमा सोही धरौटी वा विडवन्डबाट कट्टा गरि सम्बन्धित व्यक्तिलाई फिर्ता गरिनेछ ।

२२.ठेक्कासँग सम्बन्धित रसिदहरु ठेकेदार स्वमं आफैले छपाई गरि यस नगरपालिकाबाट प्रमाणित गरि प्रयोग गर्नु पर्नेछ । कार्यालयबाट प्रमाणित नगरि रसिद प्रयोग गरेको पाइएमा नियामानुसार कारवाही हुनेछ ।

२३.यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र नभएको कुराको हकमा नेपालको प्रचलित कानून बमोजिम हुनेछ ।

२४.प्रचलित नियमानुसार कालो सूचीमा परेका र नगरपालिकालाई बुझाउनुपर्ने बाँकी बक्यौता भएका व्यक्ति, फर्म/कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

पाँचखपन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धाना संखुवासभा
स्था. २०७३

प्रमुख प्रशासकीय अधिकृत

गायत्रि श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत
पाँचखपन नगरपालिका